# <u>प्रेस नोट</u>

आजको ऐतिहासिक घोषणा सभामा उपस्थित नेपाल स्काउट केन्द्रिय कार्य समितिका सदस्य बिजेन्द्र ध्वजु, निर्देशक, प्रदेश संयोजकहरु, राष्ट्रिय प्रशिक्षक तथा सहायक राष्ट्रिय प्रशिक्षकज्यूहरु, प्रदेश सदस्यज्यूहरु, स्काउटर तथा पत्राकार मित्रहरु ।

नेपाल स्काउटको इतिहासमा आज एक अत्यन्त गौरवान्वित र महत्वपूर्ण उपलब्धि भएको छ । नेपाल स्काउट ऐन २०५० द्वारा संस्थागत नेपाल स्काउटले नेपालका बालबालिका तथा युवाहरुको शारिरीक, बौद्धिक, सामाजिक, आध्यात्मिक र संवेगात्मक भावनाको विकास गराई, उनीहरुलाई बिद्यालय तहबाटै नैतिक तथा जीवन उपयोगी शिक्षा सिकाई देश निमार्णमा सक्रिय भूमिका निर्वाह गर्ने स्वाबलम्वी, सच्चरित्रवान र अनुशासित नागरिकको रुपमा उत्पादन गर्न अनौपचारिक शैक्षिक अभियानको रुपमा विविध कार्यक्रमहरु संचालन गर्दै आइरहेको यहाँलाई बिदितै छ । पछिल्लो समयमा नेपाल सरकारले बोकेको राष्ट्रिय आकांक्षा 'समृद्ध नेपाल, सुखी नेपाली पूरा गर्न सरकारका हरेक कार्यक्रममा हातमा हात, काँधमा काँध मिलाउदै, नेपाल स्काउट सांगठनिक र प्रशासनिक दुवै हिसाबले थप सुदृढ र सबल हुँदै गइरहेको छ । लामो समयदेखि संक्रमणकाल भोगेको नेपाल स्काउटले नयाँ राष्ट्रिय तदर्थ समिति गठन भएयता युद्दस्तरमा कार्य गर्दै आइरहेको छ । देशैभरी एउटा नयाँ आशा सिर्जित भएको छ । सीमित वर्ग र संख्यामा रहेको स्काउटिंग नेतृत्व र संगठन गाउँगाउँ सम्म हजारौं नयाँ युवाहरु समक्ष पुगेको छ, प्रदेश स्तरीय स्काउट आधारभूत तालिम मार्फत एकै पटक करिब ४ हजार भन्दा बढि युवाहरु स्काउट मास्टरको रुपमा उत्पादन भई प्रत्यक्ष रोजगारीसँग जोड्ने कार्य धमाधम चलिरहेको छ । खुम्चिएर रहेको स्काउटको पुरानो जिल्लागत संगठनलाई देशको परिवर्तित संघिय संरचनाका आधारमा ७५३ वटै स्थानीय निकायमा ब्यवस्थित रुपमा निर्माण गरिएको छ । देशका सातै प्रदेशमा सक्षम युवाहरुको नेतृत्वमा स्काउट समितिहरु गठन भई प्रदेश कार्यालयहरु संचालनमा आइसकेका छन्।

विगत लामो समयदेखि निष्कृय देखिएको नेपाल स्काउटको अन्तर्राष्ट्रिय सम्बन्ध एउटा नयाँ उचाइमा पुगेको छ, कालो सूचीमा परेका कैयौं अन्तर्राष्ट्रिय परियोजनाहरु फेरी नयाँ उर्जाका साथ सुरु भएका छन्, नेपाल स्काउटका नीतिगत तथा कार्यक्रमिक योजनाहरु विश्व स्काउट संगठनसंगको सुक्ष्म सहकार्यमा हुँदै आइरहेको छ। भर्खरै मात्र विश्व स्काउट एशिया प्रशान्त क्षेत्रका २८ सदस्य राष्ट्रमध्ये सुशासन र सदस्यता बृद्धिमा पहिलो राष्ट्र बन्न सफल भएको छ । कोभिड महामारीका बाबजुद पनि सन् २०१८ र २020 दर्जन बढि देशहरुसंग युवा स्काउट आदानप्रदान भएको छ भने अन्य कैयौं राष्ट्रसंग युवा स्काउट आदानप्रदानका लागि सहमति भएको छ । नेपाल स्काउटका बालबालिका तथा युवा सदस्यहरुलाई बढि भन्दा बढि अन्तर्राष्ट्रिय कार्यक्रममा सहभागी गराउन अन्तर्राष्ट्रिय कार्यक्रम नीति तयार गरी कार्यान्वयनमा ल्याइएको छ, जसले विगत देखि अन्तर्राष्ट्रिय कार्यक्रममा सहभागी हुँदा देखिएको विकृतीलाई पूर्णतया निस्तेज पारेको छ ।

नेपाल स्काउट राष्ट्रिय प्रधान कार्यालयको प्रशासनमा आमुल रुपान्तरण भएको छ, पूर्ण प्रतिष्पर्धाका आधारमा दक्ष र योग्य कर्मचारीहरु नियुक्ति गरी पारम्परिक ढंगले चल्दै आएको प्रशासनलाई अन्तर्राष्ट्रिय स्तरको बनाईएको छ । संस्थाको हरेक तहमा सुशासन कायम गराउन र नेपाल स्काउटलाई अब्बल, परिणाममुखी र बलियो संस्थाका रुपमा स्थापित गर्न, नयाँ कर्मचारीलाई अन्तर्राष्ट्रिय स्तरको कार्य संस्कृती सिकाउन विश्व स्काउट संगठन, एशिया प्रशान्त क्षेत्रको सहयोगमा कर्मचारी अभिमुखीकरण तालिम सफलताका साथ संचालन गरिएको छ । नेपाल सरकारले अवलम्बन गरेको कार्य सम्पादन सम्झौताको परिपाटीलाई अनुशरण गर्दै नेपाल स्काउटका सम्पूर्ण कर्मचारीहरुसंग कार्य सम्पादन सम्झौता गरी कार्य सम्पादन मूल्यांकनलाई ब्यवस्थित गरिएको छ ।

सम्माननीय प्रधानमन्त्री एवं नेपाल स्काउटका संरक्षक श्री केपी शर्मा ओलीज्युको समुपस्थितिमा देशका कार्यकारी प्रमुखसँग बालबालिकाहरुको प्रत्यक्ष अन्तरक्रिया गर्ने 'बालबालिकासँग प्रधानमन्त्री कार्यक्रम' गत तीन बर्षदेखि निरन्तर भव्यताकासाथ संचालन हुँदै आएको छ ।

नेपाल स्काउटको आर्थिक कारोबार र लेखा प्रणालीलाई पारदर्शी, समय सापेक्ष र कानुन अनुशार चुस्त दुरुस्त बनाउन कुनै कसर बाँकी राखिएको छैन । भ्रष्टाचार, अनियमितता र ढिलासुस्ती जस्ता कार्यहरुमा शुन्य सहनशीलता अपनाइएको छ । नेपाल सरकारले प्रदान गरेको कार्यक्रम र नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय संग गरिएको कार्यसम्पादन सम्झौता अनुशार गत आ.ब. मा शतप्रतिशत भौतिक तथा आर्थिक प्रगति भएको छ ।

नेपाल स्काउटकै इतिहासमा अहिले सम्मकै सबैभन्दा धेरै यस आ.ब.मा ५० हजार बढि स्काउट स्वयमसेवकहरु परिचालन भएका छन् । बिभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय महत्व बोकेका कार्यक्रमहरुमा नेपाली स्काउटको सक्रिय सहभागिता हुँदै आइरहेको छ । साथै कोभिड-१९ को रोकथाम तथा जनचेतना अभिवृद्धिमा नेपाल स्काउटले लकडाउन अघि, लकडाउनमा र लकडाउन पछि करिव १५ हजार स्वयमसेवक परिचालन गरेको छ भने कोभिडका कारणले मृत्युभएका मानिसको शव व्यवस्थापन सम्मको कार्य गरी नेपाल स्काउटले बहादुरी देखाएको छ ।

आजको यो ऐतिहासिक कदमले नेपाल स्काउटलाई एउटा नयाँ उचाईमा पुऱ्याउन सफल भएको छ । अब हरेक बालबालिका र युवाहरुका स्काउट शिक्षाको पहुँच पुग्नेछ । नेपाल स्काउट ऐन २०५० तथा नेपाल स्काउट नियमावली २०७७ ले व्यवस्था गरे अनुरुप सम्माननीय प्रधानमन्त्री नेपाल स्काउटका संरक्षक र माननीय युवा तथा खेलकुद मन्त्री प्रमुख स्काउट हुने व्यवस्था रहेकोछ भने, प्रदेशमा माननिय मुख्य मन्त्री संरक्षक र माननीय सामाजिक विकास मन्त्री प्रमुख स्काउट हुने व्यवस्था हुनुका साथै स्थानीय पालिकामा, पालिका प्रमुख संरक्षक तथा पालिका उपप्रमुख प्रमुख स्काउट हुने कानुनत व्यवस्था रहेकाले संघ, प्रदेश र स्थानीय सरकारको सहयोगमा नीतिगत रुपमै हरेक बिद्यालयमा स्काउट युनिटहरु संचालन हुने र हरेक पालिकामा स्काउट क्रियु संचालन हुनेछन् । साथै निकट भविष्यमै देश विकासको अभियानमा लाखौं युवाहरु स्वयमसेवी तथा सक्रिय रुपमा लामबद्ध हुनेकुरामा हामी विश्वस्त छौं ।

यस क्षणसम्म नेपाल स्काउटलाई पुऱ्याउन सहयोग गर्ने संघ, प्रदेश र स्थानीय सरकारहरु, सबै स्काउट सदस्यहरु, हाम्रा साझेदारहरु, कर्मचारी तथा तपाई सबै मिडियालाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । साथै सबैलाई कोभिड १९ को दोश्रो लहरबाट आफु बच्न र अरुलाई पनि बचाउन सचेत बन्न समेत अनुरोध गर्दछु ।

धन्यवाद ।

लोक बहादुर भण्डारी
राष्ट्रिय संयोजक
नेपाल स्काउट
२०७८ बैशाख १५